# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २५ गते २०३० साल

### श्री ५ को सरकार
### रक्षा मन्त्रालयको
### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाही सेनाको लागि आधुनिक रेन्ज निर्माणको लागि वाग्मती अञ्चल, काठमाडौं जिल्ला थानकोट गाउँ पञ्चायत वडा नं. २ अन्तर्गत पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी वापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

थानकोट गाउँ पञ्चायत वडा नं. २ (ग) मा पर्ने पूर्व बाटो, पश्चिम वन सिमाना पर्ति, उत्तर कि. नं. २४,२५,२७,२८,२९,३२,३३,४२,४३,४४,४८,४९,९१ को बाँकी जग्गा र दक्षिण कि. नं. २८,२९,३०,४२,४३, ४६,४७,४८,९१ को बाँकी जग्गा यति ४ किल्ला-भित्रको जम्मा मालपोत रू. ५४।२९ (चवन्न रूपैयाँ उनन्तीस पैसा लाग्ने जम्मा जग्गा रोपनी १७-१-२ (सत्र रोपनी एक आना दुइ पैसा) को कित्ता एक – – – –१

ऐ.ऐ. को वडा नं. २ (घ) मा पर्ने पूर्व वन सिमाना, पश्चिम जंगल, उत्तर कि. नं. ५,६,८ को बाँकी जग्गा र दक्षिण वन सिमाना यति ४ किल्लाभित्रको जम्मा मालपोत रू.३।– (तीन रूपैयां) लाग्ने जग्गा रोपनी ०–१४–२ (चौध आना दुइ पैसा) को कित्ता एक – –१

आज्ञाले–
फणिन्द्रराज हमाल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।